# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक नं.-

बैठक मिति २०८०/०१/१३

अर्जुनचौपारी गाउँपालिकाका अध्यक्ष श्री प्रकाश तिवारी ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरु तथा कर्मचारीहरुको उपस्थितीमा बसी तपसिल बमोजिमको एजेण्डाहरु माथी छलफल गरी निर्णय गरियो ।

तपसिलः

| क्र.स. | पद | नाम, थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश तिवारी | | |
| २ | उपाध्यक्ष | श्री सपना गुरुङ | | |
| ३ | सचिव | श्री उज्वल बहादुर बस्नेत | | |
| ४ | सदस्य | श्री रण बहादुर थापा | | |
| ५ | सदस्य | श्री धन बहादुर गुरुङ | | |
| ६ | सदस्य | श्री शोभाकान्त काफ्ले | | |
| ७ | सदस्य | श्री भुवान सिं गुरुङ | | |
| ८ | सदस्य | श्री बद्री प्रसाद पौडेल | | |
| ९ | सदस्य | श्री नारायण प्रसाद ढकाल | | |
| १० | सदस्य | श्री देवि लम्साल | | |
| ११ | सदस्य | श्री विन्दु जि.टी घर्ती | | |
| १२ | सदस्य | श्री प्रेम बहादुर नेपाली | | |
| १३ | सदस्य | श्री ज्योति के.सी ढकाल | | |
| १४ | सदस्य | श्री मिना सुनार | | |
| १५ | सदस्य | श्री राम बहादुर घर्ती | | |
| | | आमन्त्रीत | | |
| १६ | श्री सुदर्शन रेग्मी | लेखा अधिकृत | | |
| १७ | श्री कमल भण्डारी | क.अ. | | |
| | | | | |
| | | | | |

कार्यपूर्ति प्रमाणित

# अर्जुनचौपारी गाउँपालिका

**गाउँ कार्यपालिकाको बैठक**

बैठक सं.-
बैठक मिति २०८०/०१/१३

**एजेण्डाहरुः**

१. समिक्षा र सेवा प्रवाह सम्वन्धमा ।
२. लेखा समितिको काम कारवाही र बेरुजुको सम्वन्धमा ।
३. सडक बालबालिका, छुवाछुतमुक्त पालिकाको सम्वन्धमा ।
४. पूर्ण खोप सम्वन्धमा ।
५. ऐन तथा कार्यविधि (विपन्नता पहिचान) संशोधन सम्वन्धमा ।
६. योजना बैंक स्थापना सम्वन्धमा ।
७. बसपार्क निर्माण सम्वन्धमा ।
८. बस भाडा तथा अन्य भाडा सम्वन्धमा ।
९. कर्मचारी परिचालन सम्वन्धमा ।
१०. औद्योगिकग्राम संचालन सम्वन्धमा ।
११. नो–लाईट कार्यालय माग सम्वन्धमा ।
१२. खस्कदो शैक्षिक अवस्थाको सम्वन्धमा ।
१३. पक्की नाली व्यवस्थापन सम्वन्धमा ।
१४. प्रशासकीय भवनको सम्वन्धमा ।
१५. अर्जुनचौपारी–रापाकोट मोटरबाटोको पुनःठेक्का सम्वन्धमा ।
१६. बिउँ पूँजी कार्यविधि सम्वन्धमा ।
१७. गाउँ प्रहरी व्यवस्थापन तथा संचालन सम्वन्धी कार्यविधि सम्वन्धमा ।
१८. विविध

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको मिति २०७९/१२/१४ को कार्यपालिका बैठकबाट निर्णय भएका निर्णयहरु उपर समिक्षा गर्दा अधिकांश कार्यान्वयन अवस्थमा रहेका हुँदा कार्यान्वयन अवस्थामा रहेका कार्यहरु यथासिघ्र कार्यान्वयन गर्ने साथै गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन पालिका मातहका विषयगत शाखाहरुलाई निर्देशन दिई सेवा प्रवाह चुस्तदुरुस्त बनाउने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको लेखा समिति संचाल तथा व्यवस्थापन कार्यविधि, २०८० पारित गरी कार्यान्वयन गर्ने सर्वसहमत निर्णय गरियो साथै पालिकाको बेरुजु घटाउन आवश्यक पहल गर्ने निर्णय गरियो ।

# अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-

बैठक मिति २०८०/०१/१३

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्र कुनै पनि सडक बालवालिका नरहेको साथै पालिकालाई छुवाछुतमुक्त पालिका निर्माण गर्न आवश्यक पहल गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाले राष्ट्रिय पूर्ण खोप निर्देशिका बमोजिम गाउँपालिका भित्रका १६ देखि ५९ महिना सम्मका बालबालिकाहरुले १५ महिनाको उमेर भित्र पाउनुपर्ने सम्पूर्ण खोप प्राप्त गरेको हुँदा अर्जुनचौपारी गाउँपालिकालाई पूर्ण खोपयुक्त गाउँपालिका घोषणा गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको विपन्नता पहिचान कार्यविधि, २०७९ परिच्छेद २ को दफा ५.२, ५.३ र ५.४ को ग बुँदा हटाउने तथा ५.४ को ग बुँदामा "आफुले उत्पपादन गरेको अन्नले ३ महिना सम्म खान नपुग्ने परिवार" थप गर्ने गरी संशोधन गरी कार्यान्वयनमा ल्याउने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण वडा कार्यालयले कम्तिमा १० वटा रणनैतिक महत्वका योजनाहरु छनौट गरी पठाउने साथै उक्त योजनाहरु प्रदेश सरकार तथा केन्द्र सरकार सँग योजना मार्ग गर्ने प्रयोजनको लागि योजना बैंक स्थापना गरी आयोजनाहरुको समग्र पक्षको विश्लेषण गरी महत्वपूर्ण योजनाहरुको प्राथमिकताको आधारमा सिफारिस गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा पालिकामा बसपार्क अति आवश्यक रहेको हुँदा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ माथिल्लो बजारमा बसपार्क निर्माणको लागि आवश्यक पहल गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्र चल्ने सवारीसाधनहरुको भाडादर र दुरी सहितको विवरण यथाशिघ्र पालिकामा पठाउने सर्वसहमत निर्णय गरियो ।

CamScanner

# अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-

बैठक मिति २०८०/०१/१२

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीलाई प्रभावकारी रुपमा परिचालन गरी छुटेका बस्तिहरु सम्म सेवा पुर्‍याउने तथा योजनाहरुमा वडाका प्राविधिक कर्मचारीहरुलाई नियमित अनुगमनका लागि पठाउने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको औद्योगिकग्राम संचालन कार्यविधि, २०८० पारित गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो । साथै उक्त औद्योगिकग्रामको अन्य पूर्वाधार (शौचालय लगायत) तयारी गरी यथाशिघ्र संचालनमा ल्याउने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्र दिनानुदिन विद्युत सेवा अवरोध हुने गरेको हुँदा उक्त अवरोध न्यूनीकरण गरी सहज विद्युत सेवा प्रदान गर्न अर्जुनचौपारी गाउँपालिकामा नो-लाईट कार्यालय स्थापनाको लागि नेपाल विद्युत प्राधिकरण शाखा स्याङ्जा मार्फत नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालय सँग माग गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुको नतिजा खस्कदै गएको विद्यमान अवस्थामा विद्यालयको शैक्षिक सुधारको लागि सम्वन्धित वडा कार्यालयबाट फोकल पर्सन तोकी अनुगमन गरी सोको जानकारी कार्यपालिकामा पेश गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण पक्की नालीहरु सम्बन्धीत वडा कार्यालयबाट सरसफाई/व्यवस्थापनको लागि आवश्यक पहल मिलाउने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको प्रशासकीय भवन तथा औद्योगिकग्राम निर्माणको म्याद मिति २०८० वैशाख मसान्त सम्म रहेको हुँदा सो अवधि भित्र निर्माण सम्पन्न गरी नसकेमा नियमानुसार लाग्ने जरिवाना (LD) निर्माणकर्ताबाट लिने सर्वसहमत निर्णय गरियो ।

Prakash

CamScanner

# अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-

बैठक मिति २०८०/०१/१३

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा अर्जुनचौपारी-रापाकोट सडक स्तरोन्नतीको लागि मिति २०७९ माघ १८ गते बोलपत्र आव्हान भएकोमा उक्त निर्माण कार्य हाल आवश्यक नभएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (ग) बमोजिम खरिद कारवाही रद्द गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको विउँ पूँजी परिचालन कार्यविधि, २०८० पारित गरी कार्यान्वयन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन तथा संचालन कार्यविधि, २०८० पारित गरी कार्यान्वयन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. १८**

क. प्रस्ताव नं. १८ माथि छलफल गर्दा नेपाल राष्ट्रिय मगर संघ जिल्ला कार्यसमिति स्याङ्जाले रक्तदान कार्यक्रम संचालन गरेको हुँदा अन्य संस्था सहायता शिर्षकबाट रु १० हजार आर्थिक सहायता दिने सर्वसहमत निर्णय गरियो ।

ख. प्रस्ताव नं. १८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. २ निवासी निरमाया गुरुङको छोरी रजिना गुरुङको मृगौला रोगबाट पिडित भई गण्डकी अस्पताल पोखरामा उपचार गराईरहेकोमा निजको आर्थिक अवस्था अति न्यून भई उपचार गर्न नसक्ने अवस्था रहेको हुँदा निजको उपचारको लागि उद्धार तथा पुनस्थापना खर्च शिर्षकबाट रु १० हजार आर्थिक सहायता गर्ने सर्वसहमत निर्णय गरियो ।

ग. प्रस्ताव नं. १८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ६ निवासी हर्क बहादुर नेपालीको असामयिक निधन भएको, निजको परिवारको आर्थिक अवस्था ज्यादै न्यून भई काजकिया गर्न समेत नसक्ने अवस्था रहेको हुँदा निजको काजकियाको लागि उद्धार तथा पुनःस्थापना शिर्षकबाट रु २० हजार अर्थिक सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

घ. प्रस्ताव नं. १८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र यस गाउँपालिका अन्तर्गतका कुनै पनि समिति, उपसमिति, शाखालाई विपक्षी बनाई कोही कसैले अदालत वा अर्धन्यायिक निकायमा कुनै पनि प्रकारको रिट, निवेदन वा फिराद वा फिराद सरहको उजुरी दर्ता गरेमा ती मुद्दामा प्रतिरक्षा गर्ने प्रयोजनको लागि

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-

बैठक मिति २०८०.०१.१३

लिखत जवाफ वा प्रतिउत्तर वा पुनरावेदनपत्र दर्ता गरी मुद्दामा पुर्पक्ष गर्न र यस गाउँपालिकाको तर्फबाट कुनै पनि प्राकृतिक वा कानूनी व्यक्ति उपर कुनै पनि प्रकारको रिट निवेदन वा फिराद वा फिराद सरहको उजुरी दर्ता गर्नु परेमा यस गाउँपालिका गाउँकार्यपालिका वा समिति, उपसमिति, शाखाको तर्फबाट प्रतिनिधित्व गरी लिखित जवाफ प्रतिउत्तरपत्र पुनरावेदनपत्र दर्ता गर्न वा कुनै पनि प्रकारको रिट निवेदन वा फिराद वा फिराद सरहको उजुरी दर्ता गरी मुद्दामा पुर्पक्ष गर्न लगाएत मुद्दा सम्बन्धि सम्पूर्ण कामकारवाही गर्नका लागि यस गाउँपालिकाका अध्यक्ष श्री प्रकाश तिवारीलाई अख्तियारी प्रदान गर्ने सर्वसहमत निर्णय गरियो ।

ङ. प्रस्ताव नं. १८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको लागि प्रदेश सरकारबाट प्राप्त भएका स्टिल पोलहरु तोकको आधारमा को कसलाई लागि प्रदान गरिएको उक्त विवरण एकिन गरी प्रयोगमा नआएका पोलहरुको उचित व्यवस्थापन गर्ने सर्वसहमत निर्णय गरियो ।

च. प्रस्ताव नं. १८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका यातायात चल्ने सम्पूर्ण सडकहरुको मर्मत संभार कार्य स्थानीय रोजगार कार्यक्रम मार्फत गर्ने सर्वसहमत निर्णय गरियो ।

छ. प्रस्ताव नं. १८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ६ दरौं स्वास्थ्य चौकीमा ल्याब असिस्टेन्ट (सहायकस्तर चौथो) कर्मचारी आवश्यक परेको हुँदा अर्जुनचौपारी गाउँपालिकाले मिति २०७९/०८/१४ मा लिईएको ल्याब असिस्टेन्ट परीक्षाको बैकल्पिक नं. १ मा रहेका उम्मेदवारलाई भर्ना गर्ने सर्वसहमत निर्णय गरियो ।

ज. प्रस्ताव नं. १८ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को लागि गाउँपालिकाका प्रत्येक वडाहरुलाई वडाबाट संकलित राजश्वलाई समेत आधार मानी तपसिल बमोजिमको बजेट सिलिङ्ग उपलब्ध गराउने सर्वसहमत निर्णय गरियो ।

तपसिल :

| सि.नं. | वडा नं. | बजेट सिलिङ्ग (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | न्यूनतम अनुदान | राजश्व संकलनको आधारमा थप अनुदान | कार्य सम्पादनमा आधारित अनुदान | विशेष अनुदान | समपुरक अनुदान ६० प्रतिशत | कूल जम्मा |
| १ | १ | ३५० | ११०० | ७२० | ८० | ३०० | ३०० | २८५० |
| २ | २ | ३५० | ११०० | ३२० | ६० | ३०० | ३०० | २४३० |
| ३ | ३ | ३५० | ११०० | ३०० | ८० | ३०० | ३०० | २४३० |
| ४ | ४ | ३५० | ११०० | २६० | ६० | ३०० | ३०० | २३७० |
| ५ | ५ | ३५० | ११०० | ३७० | ५० | ३०० | ३०० | २४७० |
| ६ | ६ | ३५० | ११०० | ४९० | ८० | ३०० | ३०० | २६२० |